मिति : २०७४ साल असोज २६ गते
समय : दिनको १.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको पाँचौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | अनुपस्थित |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | अनुपस्थित |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | अनुपस्थित |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | सचिव | श्री टीकादत्त राई | दस्तखत |

निर्णय नं. १
धनकुटा नगर कार्यपालिकाको मिति २०७४ साल असोज ९ गतेको बसेको बैठको निर्णय नं. २ अनुसार तोकिएको नगर कार्यपालिकाका पदाधिकारीहरुको पारिश्रमिक सम्बन्धि निर्णय हाललाई कार्यान्वयन नगर्ने निर्णय गरियो ।

निर्णय नं. २
सामाजिक सुरक्षा भत्ता लाभग्राहीले पाउने सुनिश्चितताका लागि लाभग्राहीको व्यक्तिगत खाता खोली बैंकबाट वितरण गर्ने नेपाल सरकारको राष्ट्रिय नीति अनुसार विगतमा यस नगरपालिकामा स्थानीय कृषि विकास बैंक मार्फत भत्ता वितरण गरिदै आएकोमा चालु आर्थिक बर्षको पहिलो चौमासिक निकासा केन्द्रबाट ढिला भएको कारणले यस बर्षको विजयदशमी पूर्व बैंक मार्फत भत्ता वितरण गर्न सम्भव नभएकोले चालु बर्षको पहिलो चौमासिकको सामाजिक सुरक्षा भत्ता एक पटकको लागि नगर कार्यपालिकाको वडासचिवहरु मार्फत मिति २०७४ साल असोज १० देखि वडा तहमा वितरण गरिएको सामाजिक सुरक्षा भत्ता वितरण अभियान वडा कार्यालयको संयोजनमा प्रभावकारी रुपमा गरिएको र हालको सम्म ८६ प्रतिशत भन्दा बढी प्रगति भएको समीक्षा गरियो ।

निर्णय नं. ३
नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त नमूनालाई आधारमानी धनकुटा नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ को प्रस्तावित मस्यौदा तयार गरी एक महिना भित्रमा पेश गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने र सो समितिको सदस्य सचिव प्रशासकिय अधिकृत डम्बर रोगुलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ४

नगरपालिकाको चालु आर्थिक बर्ष २०७४/७५ को लागि स्वीकृत बजेट, नीति तथा कार्यक्रम अनुसार संञ्चालन गरिने वडास्तरीय पूर्वाधार विकास योजनाहरुलाई यथशिघ्र सम्पन्न गराउनका लागि मिति २०७४ साल असोज मसान्त भित्रमा उपभोक्ता समिति गठन गरी विवरण पेश गर्न समयावधि तोकिएकोमा सो अवधिमा विजयादशमी चाडपर्व परेकाले अधिकांस योजनाहरुको उपभोक्ता समितिहरु गठन गर्न नसकिएकाले २०७४ साल कार्तिक मसान्त भित्रमा बाँकी वडा तथा नगरस्तरीय सवै योजनाहरुको उपभोक्ता समिति गठन गरी प्राविधिक लागत इष्टिमेट तथा सम्झौता प्रकृया अगाडि बढाउन सवै वडा कार्यालयहरुलाई जानकारी दिने निर्णय गरियो ।

निर्णय नं. ५

नगर कार्यपालिका समक्ष तपसिशल अनुसारका व्यक्ति तथा संस्थाहरुले आर्थिक सहयोगका लागि पेश गरेको मागको विवरणलाई अध्ययन गरी चालु आर्थिक बर्षको लागि स्वीकृत बजेट अन्तरगत चालुतर्फ आर्थिक सहायता शिर्षकबाट रकम उपलव्ध गराएको रकमलाई अनुमोदन गरी प्राप्त भएका तपसिलका व्यक्ति तथा संस्थाहरुलाई निम्नानुसार रकम उपलब्ध गराउने निर्णय गरियो र निवेदकको समस्या र गम्भिर्यता हेरी सामान्य प्रकृतिका रु. २,०००।- (दुई हजार सम्म) प्रमुखज्युको आदेश अनुसार सिधै आर्थिक सहायता दिने र सो भन्दा माथि सहयोग उपलव्ध गराउँदा बैठकबाट अनुमोदन हुने गरी तत्काल सहायता उपलव्ध गराउने निर्णय गरियो।

तपसिल :

**अनुमोदन गर्नु पर्ने आर्थिक सहायताहरु**

१. आँखा नदेख्ने समस्याले ग्रसित भई आर्थिक अवस्था समेत कमजोर भएका विमला विसुंखेलाई उपलव्ध गराएको आर्थिक सहायता वापत उपलव्ध गराएको रकम रु. ५००।- (पाँचसय) ।

२. छोरी गंगादेवी विश्वकर्मालाई मानसिक कारणले ग्रसित भएकाले आर्थिक सहायताबापत निजको आमा धनकुटा नगरपालिका वडा नं. १ वस्ने धनमाया विश्वकर्मालाई आर्थिक सहायता बापत उपलव्ध गराएको रकम रु. ५०००।- (पाँच हजार) ।

३. नातानातिनालाई अध्ययन अध्यापन गर्न समस्या परेकाले धनकुटा नगरपालिका वडा नं. ६ वस्ने मिठु सार्कीलाई आर्थिक सहायता बापत उपलब्ध गराएको रकम रु. ३०००।- (तीन हजार) ।

४. पाँचथर रानीटार गाउँपालिका वडा नं. ३ वस्ने बर्ष ३६ को फूल कुमार राईको दुवै किडनी फेल भएकाले किराँत याक्थुङ चुम्लुङ पाँचथरको मिति २०७४।५।२१ को पत्रानुसार धरान उपमहानगरपालिका वडा नं. १७ सुनसरी बस्ने विरामीको भान्जी नेरिना राई (लिम्बु) लाई आर्थिक सहायता वापत उपलव्ध गराएको रकम रु. ४०००।- (चार हजार) ।

**भूक्तानीको लागि निर्णय भएका आर्थिक सहायताहरु :**

५. भोजपुर जिल्ला बस्ने दाजु टीकाराम राईको कलेजोमा घाउभई उपचारत रहेकोले उपचार सहयोग बापत दिनेश राईलाई उपलव्ध गराएको आर्थिक सहयोग बापतको रकम रु. १०००।- (एकहजार) ।

६. धनकुटा नगरपालिका वडा नं. ५ वस्ने जित बहादुर राईलाई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार सहयोग बापत उपलव्ध गराएको आर्थिक सहयोग रकम रु. २०००।- (दुई हजार) ।

७. धनकुटा नगरपालिका वडा नं. ७ वस्ने पञ्चक बहादुर राईको छोरा रविन राईको ठुलो आन्द्रामा क्यान्सर भएकाले क्यान्सर अस्पतालमा थप उपचारको लागि आर्थिक सहायताबापतको रकम रु. २०,०००।- (बीसहजार)

८. धनकुटा नगरपालिका वडा नं. ५ बस्ने सोम बहादुर राईको देब्रे खुट्टामा बोन ट्युमर भई काटनु पर्ने भएकाले उपचारमा आथिर्क सहयोग बापत रु. १०,०००।- (दसहजार) ।

९. अनेरास्ववियू क्रान्तिकारी केन्द्रीय समितिको मिति २०७४।४।२४ को पत्रानुसार मिति २०७४ साल भदौ ७ देखि १० सम्म काठमाडौंमा सम्पन्न भएको २१ औं राष्ट्रिय सम्मेलनमा सहयोग बापत रकम रु. ५०००।- (पाँचहजार) ।

निर्णय नं. ६

धनकुटा अस्पतालमा नयाँ भिडियो एक्सरे मेसिन खरिद गर्न रु. २५,००,०००।- (पच्चिस लाख) रकम पूँजिगत कार्यक्रमतर्फ संस्थागत क्षमता विकास क्र.स. ४.२४ बजेट शिर्षक नं. ५०८० संघसंस्था साझेदारी कार्यक्रमबाट धनकुटा अस्पताललाई उपकरण खरिदबापत रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

धनकुटा नगरपालिका वडा नं. १ स्थित त्रिशुले देखि चाँपे सडक मर्मत सुधारका लागि चालु आर्थिक बर्षमा स्वीकृत अन्य निर्माण सुधार शिर्षकमा विनियोजित बजेटबाट रु. ५,००,०००।- (पाँच लाख) रकम प्राविधिक लागत इष्टिमेट एवम् सम्झौता बमोजिम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

धनकुटा नगरपालिका वडा नं. ३ स्थित कागतेमा सञ्चालन गरिएको सरसफाई तथा पर्यटन क्षेत्रमा नमूना योग्य कार्यलाई प्रोत्सहानस्वरुप साझेदारी बापत स्वीकृत पूँजिगत कार्यक्रमको पर्यटन विकास अन्तरगत क्र.स. २.३२ ब.सि.नं. १०३० को नगर क्षेत्रमा विभिन्न पर्यटकिय क्षेत्रमा फूलवारी तथा पार्क व्यवस्थापन शिर्षकबाट रु २,५०,०००।- (दुई लाख पचासहजार) बजेट उक्त कार्यको लागि विस्तृत प्रस्ताव विवरण प्राप्त भई सोही बमोजिम खर्च हुने गरी सम्झौता गरी रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

नगर क्षेत्रका तपसिल बमोजिमका विभिन्न संघसंस्थाहरुबाट जनचेतनामुलक, प्रतियोगि तथा सचेतनामुलक, सेवामुलक कार्यक्रम संचालन गर्नका लागि निम्नानुसार कार्यक्रम विवरण सहितको प्रस्ताव पेश भएकाले कार्यक्रम प्रस्ताव स्वीकृत गरी चालु आर्थिक बर्षको लागि स्वीकृत पूँजिगत कार्यक्रमतर्फ संस्थागत क्षमता विकास क्र.स. ४.२४ बजेट शिर्षक नं. ५०८० संघसंस्था साझेदारी कार्यक्रमबाट निम्नानुसार रकम उपलब्ध गराउने एवम् उपलव्ध गराएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | प्रस्ताव पेश गर्ने संस्थाको नाम र ठेगाना | प्रस्तावको च.न., मिति र विवरण | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | रेडियो मकालु धनकुटा, धनकुटा न.पा. ७ | मिति २०७४।४।३० को पत्रानुसार मिति २०७४ भदौ ८ गते धनकुटामा संचालन भएको खुला तीज गीत तथा नृत्य प्रतियोगिता संचालनमा साझेदारी वापत | १५,०००।- |
| २ | नगरस्तरीय बाल क्लव सञ्जाल, धनकुटा | मिति २०७४।६।०१ को प्राप्त पत्रानुसार राष्ट्रिय बाल दिवस, २०७४ मनाउने सन्दर्भमा यही भदौ २८ र २९ गते सम्पन्न कार्यक्रम प्रस्ताव अनुसार उपलव्ध गराएको रकम अनुमोदन | १५,०००।- |
| ३ | कारागार कार्यालय धनकुटा | कारागार कार्यालय धनकुटाको च.न. ८४ मिति २०७४।५।२० को प्राप्त पत्रानुसार धनकुटा कारागारमा रहेका कैदीबन्दीहरुलाई विययादशमीमा खसी खरिद गर्न उपलव्ध गराएको रकम अनुमोदन | १५,०००।- |
| ४ | धनकुटा सिटी जेसिज, धनकुटा | मिति २०७४ साल असोज २५ देखि २८ गते सम्म संचालन भएको जेसिज सप्ताह कार्यक्रम साझेदारी वापत | २५,०००।- |
| ५ | केयर ओमेन नेपाल | मिति २०७४।६।२३ को प्राप्त पत्रानुसार मिति २०७४ साल असोज २६ गतेको दिन श्री आधारभुत प्रावि धनकुटा न.पा. १० उत्तरपानीमा संचालन हुने कार्यक्रममा साझेदारी वापत | २५,०००।- |

निर्णय नं. १०

धनकुटा फुटवल संघ धनकुटाको मिति २०७४।५।१२ र मिति २०७४।६।२५ को पत्रानुसार पल्सर पिपुल्स च्वाईस एवार्ड २०७४ कार्यक्रम संचालन गर्न साझेदारी बापत चालु आर्थिक बर्षको स्वीकृत पूँजिगत कार्यक्रमको संस्थागत क्षमता विकास एवम् सेवा प्रवाह अन्तरगत क्र.स. ४.६२ शिर्षक २०५० अन्य खेलकुद प्रतियोगिताहरु कार्यक्रममा विनियोजित बजेटबाट रु. ५०,०००।- ( पचास हजार) रकम साझेदारी बापत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

धनकुटा नगर क्षेत्रमा मिति २०७४।३।२४ गतेको बर्षतको कारणलले धनकुटा नगरपालिका वडा नं. ७ वस्ने सोम बहादुर राईको छोरा उदय बहादुर राईको घर भत्किई क्षेति पुगेकाले जिल्ला प्रहरी कार्यालय धनकुटाबाट मिति २०७४।४।१२ मा भएको स्थलगत सर्जमीन मुचुल्का अनुसार उदयबहादुर राईको नजिकका हकदार ऐ वडा वस्ने हर्कबहादुर राईले पेश गरेको निवेदन अनुसार निजलाई राहत स्वरुप चालु आर्थिक बर्षमा स्वीकृत पूँजिगत कार्यक्रमको क्र.स. ६.३ बजेट शिर्षक ४०६० विपद् व्यवस्थापन कोषबाट रु. १०,०००।- (दश हजार) राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

धनकुटा नगरपालिका वडा नं. १ हिले स्थित सृजनसिल साँस्कृतिक समुहको मिति २०७४।५।५५ को पत्रानुसार संस्थागत विकासको लागि आवश्यक विभिन्न प्रकारका सामाग्री खरिद तथा व्यवस्थापन गर्न प्रस्ताव पेश भएकाले कार्यक्रम प्रस्ताव

स्वीकृत गरी चालु आर्थिक बर्षको लागि स्वीकृत पूँजिगत कार्यक्रमतर्फ संस्थागत क्षमता विकास क्र.स. ४.२४ बजेट शिर्षक नं. ५०८० संघसंस्था साझेदारी कार्यक्रमबाट रु. ३,००,०००।- (तीनलाख) रकम उपलब्ध गराएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

धनकुटा बहिरा संघ धनकुटा र धनकुटा नगर कार्यपालिकाको कार्यालय बीच मिति २०७४।६।०८ गते दोभासे कार्यक्रम संचालनको लागि भएको क्र.स. ३.१०१ ब.सि.नं. २०६० महिला विकास कार्यक्रम (विषयगत कार्यालय) शिर्षकबाट मासिक रुपमा रु. ५०००।- (पाँच हजार) उपलब्ध गराउने गरी गरिएको सम्झौतालाई अनुमोदन गरियो ।

निर्णय नं. १४

ज्येष्ठ नागरिक जिल्ला संघ धनकुटाको च.न. ५ मिति २०७४।६।२३ को पत्रानुसार प्राप्त प्रस्ताव अनुसार धनकुटा नगरपालिका वडा नं. ५ मा दिवा सेवा संचालनको लागि साझेदारीबापत क्र.स. ३.१०१ ब.सि.नं. २०६० महिला विकास कार्यक्रम (विषयगत कार्यालय) शिर्षकबाट रु. १,००,०००।- (एकलाख रुपैया) रकम सम्झौता गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५

झिगु नेवाः समाज धनकुटा १, हिलेको चलानी नं. १२ मिति २०७४।५।०८ को पत्रानुसार पर्यटन प्रबर्द्धनका लागि साँस्कृतिक कार्यक्रम संचालनार्थ साझेदारी बापत प्रस्ताव पेश भएकाले कार्यक्रम प्रस्ताव स्वीकृत गरी चालु आर्थिक बर्षको लागि स्वीकृत पूँजिगत कार्यक्रमतर्फ संस्थागत क्षमता विकास क्र.स. ४.२४ बजेट शिर्षक नं. ५०८० संघसंस्था साझेदारी कार्यक्रमबाट उपलब्ध गराउने गरी स्वीकृत गरिएको साझेदारी रकमको सन्दर्भमा उक्त संस्थाको मिति २०७४।६।२६ को प्राप्त पत्रानुसार परिमार्जन गरी कार्यक्रम साझेदारी बापत रु. २५,०००।- (पच्चिसहजार) रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १६

सत्यदेवी महिला कृषि सहकारी संस्था लिमिटेड, धनकुटा नगरपालिका वडा नं. १ संस्थाको च.न. ५ मिति २०७४।५।२६ को प्राप्त पत्र अनुसार उक्त संस्थामा संचालन गरिने व्ययवसायिक पशुपालन सम्बन्धी विस्तृत विवरण सहितको प्रस्ताव अनुसार सम्झौता गरी कार्यक्रम संचालन हुने गरी चालु आर्थिक बर्षमा स्वीकृत पूँजिगत कार्यक्रमको क्र.स. २.१ बजेट शिर्षक नं. १०१० व्यसायिक कृषि तथा पशु विकास कार्यक्रमबाट रु. ५०,०००।- (पचास हजार) साझेदारी रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७

श्री शारिरीक फिटनेस क्लब धनकुटा ७ को मिति २०७४।५।२५ को पत्रसाथ प्राप्त भएको कार्यक्रम प्रस्ताव अनुसार चालु आर्थिक बर्षको लागि उक्त संस्थाको नाममा बार्षिक कार्यक्रममा स्वीकृत पूँजिगत कार्यक्रमको क्र.स. ४.७७ ब.सि.नं. २०५० शारिरिक फिट्नेस क्लब सामग्री वितरण, धनपा ७ शिर्षक बाट रु. ५,००,०००।- (पाँचलाख) रकम सम्झौता गरी प्राप्त बील भरपाई अनुसार रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८

श्री चंचलादेवी आधारभुत विद्यालय धनकुटा नगरपालिका वडा नं. १ को च.न. ५७ मिति २०७४।५।२१ को प्राप्त पत्रानुसार मागको सन्दर्भमा उक्त विद्यालयलाई शैक्षिक सुधार एवम् व्यवस्थापनको लागि विस्तृत प्रस्ताव प्राप्त भई सम्झौता गरी चालु आर्थिक बर्षमा स्वीकृत पूँजिगत कार्यक्रम तर्फ क्र.स. ३.१ ब.सि.न. २०१० बाट रु. १,५०,०००।- (एक लाख पचास हजार) रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १९

श्री मार्गेश्वरी प्राथामिक विद्यालय धनकुटा नगरपालिका वडा नं. ४ छारागाउँको च.न. ८० मिति २०७४।५।२० को प्राप्त पत्रानुसार उक्त विद्यालयको शैक्षिक गुणस्तर सुधार एवम् व्यवस्थापनको लागि विस्तृत विवरण प्राप्त गरी सम्झौता गरी कार्यान्वयन गर्ने गरी चालु आर्थिक बर्षमा स्वीकृत पूँजिगत कार्यक्रमतर्फ क्र.स. ३.२ ब.सि.नं. २०१० सामुदायिक विधालयको शैक्षिक गुणस्तर सुधार कार्यकमबाट रु. ३,००,०००।-(तीन लाख) रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २०

धनकुटा नगरपालिका वडा नं. १ का वडाध्यक्ष निरेन तामाङको ममतामयी माता हस्तमाया तितुङ तामाङको ८२ बर्षको उमेरमा मिति २०७४ साल असोज २२ गतेका दिन भएको असामयिक निधनले मर्माहत बनाएको दुखित घडीमा मृत आत्माको चीर शान्तिका लागि हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना प्रकट गर्ने निर्णय गरियो ।